# कैलाश राजपत्र

## कैलाश गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः६) मकवानपुर, माघ १५ गते, २०८१ साल (संख्याः२**


# भाग - १

स्थानीय सरकार

कालिकाटार, मकवानपुर, बागमती प्रदेश, नेपाल

**पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०८१**

कैलाश गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**प्रस्तावनाः**

मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई सवल, व्यवस्थित र सुदृढ तुल्याउनका साथै पशु, पशुजन्य, पशु उत्पादन सामग्रीको नियमित, स्वच्छ तथा गुणस्तरीय उत्पादन गर्दै यसको सरल, सहज तथा भरपर्दो विक्री वितरण, निकासी पैठारी गर्न पशुपंक्षी पालन नीति २०७४ को कार्यान्वयन गर्ने अभिप्रायले समग्र पशु क्षेत्रको विकास, व्यवस्थापन र सुशासन सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनिय भएकोले, नेपालको संबिधान २०७२ को धारा २२६, स्थानीय तह सञ्चालन ऐन, २०७४ को परिछेद १५ को दफा १०२ बमोजिम गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम  र प्रारम्भ :** (१) यस ऐनको नाम "पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०८१" रहने छ।

(२)  यो ऐन कार्यपालिकाबाट स्वीकृत गरी राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

(२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क)  प्रमुख" भन्नाले गाउँकार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उप-प्रमुख" भन्नाले गाउँकार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "किसान तथा व्यवसायिक किसान" भन्नाले पशुलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने नागरिक सम्झनु पर्दछ। परिवारका सदस्यकै श्रमबाट आफ्नो वा अरुको जमिनमा काम गरी परिवारको खाद्य आपूर्ति गर्ने परिवारको श्रीमान, श्रीमती वा दुवैलाई सम्झनु पर्दछ ।आम्दानी आर्जन गर्न आफ्नो वा अर्काको जमिनमा  परिवारका सदस्य बाहेक अरु श्रमिक वा मुलरुपमा यन्त्रको प्रयोग गरी पशु व्यवसाय गर्ने व्यक्तिलाई पशु व्यवसायीक कृषक सम्झनु पर्छ ।

(घ) "पशु" भन्नाले जुनसुकै प्रकारका घर पालुवा जनावर वा जंगली जनावर सम्झनु पर्दछ।यो शब्दले पंक्षी र माछालाई समेत जनाउँछ।

(ङ) "पशु जन्य पदार्थ" भन्नाले पशुको मासु, दुध, रगत, वोसो, पित्त, हाड, छाला, सिङ, खुर, प्वाख, उन, भूत्ला, रौ, भ्रुण, विर्य, ग्रन्थी, मल, मुत्र वा सो बाट बनाइएको अप्रशोधित सामाग्री सम्झनु पर्दछ ।

(च) “पशु जन्य सामाग्री” भन्नाले पशु स्वास्थ्य, कृतिम गर्भधारण वा जैविक उत्पादनमा उपयोग हुने प्रशोधित वा अप्रशोधित सामाग्रीलाई सम्झनु पर्दछ।

(छ) “जैविक पदार्थ” भन्नाले पशु विकास तथा पशु स्वास्थ्यमा प्रयोग गरिने जीवाणु, विषाणुयुक्त औषधी खोप वा जैविक रसायन सम्झनु पर्दछ।

(ज) संक्रमण रोग भन्नाले संघीय सरकारको राजपत्रमा प्रकाशित तथा नेपाल सरकारले सूचना प्रकाशन गरी तोकेको अन्य रोगलाई समेत जनाउँछ।

(झ) ”कृषक समूह” भन्नाले स्थानीय तहमा दर्ता भई कृषि र पशुपंक्षी पालनमा काम गर्ने किसfनहरुको समूहलाई सम्झनु पर्छ।

(ण) ”कृषि सहकारी“ भन्नाले कैलाश गाउँपालिकाको सहकारी ऐन अन्तर्गत कृषि तथा पशु व्यवसाय गर्ने मूल उदेश्य राखी दर्ता भएको सहकारीलाई सम्झनुपर्छ।

(ट) "शाखा" भन्नाले पशु सेवा शाखा तथा विषयगत कार्यान्वयन गर्ने उच्च निकाय सम्झनुपर्छ।

(ठ) "आनन्ददायी तथा विलासी पशुपंक्षी" भन्नाले कुकुर, विरालो, मुसा तथा अन्य जनावर जनाउदँछ।

(ड) "पशु सेवा प्राविधिक/पशु स्वास्थ्य प्राविधिक" भन्नाले मान्यता प्राप्त संस्थाबाट भेट विषयमा कम्तिमा डिप्लोमा टि.एस.एल.सी.वा सो सरह उतिर्ण गरेको व्यक्तिलाई समेत जनाउने छ।

(ढ) "गाउँपालिकाका पशु स्वास्थ्य सहजकर्ता" भन्नाले मान्यता प्राप्त संस्थावाट कम्तिमा ३५ दिने पशु स्वास्थ्य सम्बन्धी तालिम प्राप्त व्यक्तिलाई समेत जनाउने छ।

(ण) "प्रिस्केप्सन" भन्नाले पशुपंक्षी उपचारको लागि औषधी लेख्ने मान्यता प्राप्त सम्बन्धित व्यक्तिको कार्य जनाउँछ।

(त) "औषधी पसल" भन्नाले औषधी व्यवस्था विभागबाट स्वीकृत लिई तथा पशु सेवा शाखाबाट अभिलेखीकरण भएको पसल जनाउँछ।

(थ) "शाखा प्रमुख" भन्नाले विषयगत शाखा तथा शाखाको उच्च व्यक्ति जनाउँछ।

(द) “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि, निर्देशिका, मापदण्ड तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

## परिच्छेद २

## पशु स्वास्थ्य

**४. पशु स्वास्थ्य सेवाः** (१) सरकारी तथा निजी संस्था वा व्यक्तिबाट पशु स्वास्थ्य सेवा लिन सकिन्छ।

(२) गाउँपालिका यस प्रकारको सेवा र शुल्क तोकिए बमोजिमको हुनेछ।

(३) पशु पालन गर्दा तोकिए बमोजिमको जैविक सुरक्षाको उपाय अपनाउनु सम्बन्धित कृषकको कर्तव्य हुने छ।

**५. स्वास्थ्य सेवा र शुल्क निर्धारणः** (१) गाउँपालिका भित्र कुनै निकाय तथा व्यक्तिबाट सेवा दिदा देहाय बमोजिमको ५ सदस्यीय शुल्क निर्धारण समितिले निर्धारण गरे बमोजिम हुनेछ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष — | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत - | सदस्य |
| राजश्व शाखा प्रमुख — | सदस्य |
| आर्थिक शाखा प्रमुख — | सदस्य |
| शाखा प्रमुख- | सदस्य सचिव |

(२) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) निर्धारण भएको शुल्क समानुकुल पुनरावलोकन गर्न सकिने छ।

(४) पशु चिकित्सकहरुले गाउँपालिका भित्र पशु सेवा दिन गाउँपालिकामा अनिवार्य अभिलेखीकरण गर्नुपर्नेछ।

(५) पशु स्वास्थ्य प्राविधिकलाई गाउँपालिकामा पशु सेवा तथा पशु स्वास्थ्यकर्मीको लागि सूचिकृत गरिनेछ।

(६) पशु स्वास्थ्य सेवा प्रदान गर्ने क्रममा अनिवार्यरुपमा प्रिस्केप्सन जारी गर्नु पर्नेछ।

## परिच्छेद-३

## पशुजन्य व्यवसाय स्थापना तथा निकासी पैठारी सम्बन्धी व्यवस्था

**६. पशुजन्य व्यवसाय तथा उद्योग स्थापना गर्दा दर्ता गर्नुपर्नेः**

(१) पशुपंक्षी व्यवसाय दर्ता तथा नवीकरण गर्दा प्रचलित कानुन तथा गाउँपालिकाले तोकिए बमोजिमको मापदण्डको आधारमा सम्बन्धीत वडा कार्यालयको सिफारिसमा गाउँपालिकामा दर्ता/नवीकरण गर्नुपर्ने छ।

(२) औषधी तथा पशुपन्छी आहारको उद्योग तथा पसल प्रचलित कानुन तथा गाउँपालिकाबाट तोकिएको मापदण्ड बमोजिम गाउँपालिकामा दर्ता र अभिलेखीकरण गरिनेछ।

(३) आनन्ददायी तथा विलासी पशुपन्छी (कुकुर तथा विरालो) गाउँपालिकाबाट तोकिए बमोजिमको शुल्क बुझाई दर्ता गराउनु पर्नेछ।

(४) पशुपंक्षी व्यवस्थापन गर्न तोकिए बमोजिमको मापदण्ड निर्माण गरी पशुपालन फर्म स्थापना, नश्ल सुधार, आहारा, गोठ/खोर निर्माण, जैविक विविधता संरक्षण, बजार व्यवस्थापन व्यवस्थित गरिने छ।

(५) तोकिएको माहामारी रोग नियन्त्रण गर्न पशुजन्य पदार्थ विक्री वितरण तथा गाउँपालिका क्षेत्रमा आयात र निर्यात बन्द गर्न सक्ने छ।

(६) कुनै पशु जातिको पालन क्षेत्र तोक्न सक्नेछ।

(७) घनावस्ती भएको स्थानमा कुनै प्रजातिको पालन तोकिए बमोजिम गर्न सक्नेछ।

## परिच्छेद-४
## पशु विकास कार्यदल

**७. पशु विकास कार्यदल गठनः** (१) गाउँपालिका क्षेत्रमा संचालन हुने समग्र पशु सेवा कार्यक्रमको व्यवस्थापन, नियन्त्रण, मूल्यांकन र पशु सेवा विकासको लागी पशु विकास कार्यदल गठन गर्न सक्नेछ।

**८. अनुदान कार्यक्रमः** (१) गाउँपालिका क्षेत्र भित्र पशुपालनको व्यवसायीकरण, उत्पादनमा आत्मनिर्भर बनाउन र स्थानीय रोजगार सृजनाको लागि सञ्चालित पशु जन्य व्यवसाय सञ्चालन गर्न ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी र निजि पशुपंक्षी फर्मलाई गाउँपालिकाले तोकिए बमोजिमको परिधि भित्र रही अनुदान उपलब्ध गराईने छ।

## परिच्छेद-५
## पशु विमा, कोष तथा ऋण सम्बन्धी व्यवस्था

**९. पशु विमा सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाबाट अनुदान प्राप्त गर्ने पशु पालक कृषकहरुले अनिवार्य रुपमा पशु विमा गराउनु पर्ने छ।

(२) पशु स्वास्थ्य प्रमाणित गर्दा गाउँपालिकामा सूचिकृत भएका प्राविधिकहरुबाट मात्र गर्नु पर्नेछ।

(३) पशु मृत्यु, अनुत्पादक तथा बाँझोपन प्रामाणिकरण गाउँपालिकाले गर्न सक्नेछ।

(४) पशु विमा नियम विपरित गरेमा विमा सुविधा पाईने छैन।

१०. योगदानमा आधारित कृषि कोष व्यवस्था गाउँपालिकाले आवश्यक कानुनको तर्जुमा गरी लागु गर्न सक्नेछ।

११. कृषि ऋणको व्यवस्था गाउँपालिकाले आवश्यक कानुनको तजुर्मा गरी लागु गर्न सक्नेछ।

## परिच्छेद-६
## पुरस्कार तथा दण्ड सजाय

**१२.** (१) **दण्ड सजाय तथा जफतः** गाउँपालिकाबाट स्वीकृत गरिएको नियम विपरित कार्य गरेमा, कार्यप्रकृति हेरी पशु स्वास्थ्य ऐन २०५५ अनुसार दण्ड, सजाय, जरिवाना तथा जफत गाउँपालिकाले गर्न सकिनेछ।

(२) **व्यवसाय बन्द गराउन सक्नेः** मापदण्ड विपरित व्यवसाय सञ्चालन गरेको पाईएमा सम्बन्धित पशु प्राविधिकको सिफारिसमा गाउँपालिकाले व्यवसायलाई दण्ड, सजाय, जरिवाना तथा बन्द गराउन सक्नेछ।

**१३. पुरस्कारः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका उत्कृष्ट पशु पालक कृषकहरु तथा वडा छनौट गरी पुरस्कृत गर्न सक्नेछ।

## परिच्छेद-७
## विविध

**१४. समिति गठन गर्न सक्नेः** दफा १४ बमिजिमको पशु सेवा विकासको लागि गाउँपालिकाले आवश्यकता बमोजिम समिति गठन गर्न सक्नेछ।

**१५. कृषक वर्गीकरण तथा परिचय पत्रको व्यवस्थाः** कृषकको वर्गीकरण अनुसार परिचय पत्र प्रदान गरिने छ।

**१७. महामारी रोग नियन्त्रणः** गाउँपालिकाले महामारी रोगको नियन्त्रणको लागि तोकिएको पशु वध गर्न तथा निर्धारित मिति सम्म व्यवसाय बन्द गर्न सक्नेछ।

**१८. वृद्ध र छाडा पशुआलय स्थापनाः** गाउँपालिकाले आफैले तथा संघ संस्था संगको सहकार्यमा वृद्ध र छाडा पशुआलय स्थापना गर्न सक्नेछ। वृद्ध र छाडा पशुका धनीले तोकिए बमोजमको दस्तुर बुझाउनु पर्नेछ।

**१९. पशुजन्य पदार्थको गुणस्तर तथा मापदण्डः** पशुजन्य पदार्थको उत्पादन, प्रशोधन तथा विक्री वितरणका लागि आवश्यक मापदण्ड तयार गरी लागु गर्न सक्नेछ।

**२०. पशु क्वारेनटाईनको स्थापनाः** गाउँपालिका क्षेत्रका तोकिएका नाकाहरुमा आवश्यकता बमोजिम पशु क्वारेनटाईन स्थापना गर्न सक्नेछ।

**२१. चरन तथा खर्क विकास र व्यवस्थापनः** सम्भाव्यताका आधारमा पशुपन्छीको चरन तथा खर्क छनौट, विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

**२२. नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यकता बमोजिम नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ।

**२३. बाधा अडकाउ फुकाउने अधिकारः** यस एनको उदेश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अडकाउ हटाउन आदेश जारी गर्न सकिनेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ।

**२४. बचाउः** यस ऐन बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ।

**२५. ऐनको व्याख्या तथा संशोधनः** ऐनको संसोधन गर्नुपर्ने भएमा कार्यपालिकाले गाउँसभामा पेश गरी संशोधन गर्न सकिनेछ।

प्रमाणिकरण मितिः २०८१ माघ १५

आज्ञाले

अमुल श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत